बैठक नं :

आज मिति २०७५ साल पौष १२ गते विहिवारको दिन यस वराहपोखरी गाउँपालिकाका अध्यक्ष श्री शालिकराम बन्जाराज्यूको अध्यक्षतामा निम्न कार्यापालिका पदाधिकारीहरुको उपस्थितिमा तपसिल प्रस्ताव उपर वृहत छलफल गरी तपशिल निर्णय गरियो ।

**उपस्थिति**

| क्र सं | पद | पदाधिकारीको नाम र थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री शालिकराम बन्जारा | |
| २ | उपाध्यक्ष | श्री गोमा मगर | |
| ३ | प्र प्र अ/सदस्य सचिव | श्री धनेन्द्र भुजेल | |
| ४ | सदस्य | श्री टंक कुमार मगर | |
| ५ | सदस्य | श्री अम्बर बहादुर आले मगर | |
| ६ | सदस्य | श्री शम्भु निरौला | |
| ७ | सदस्य | श्री भूवल राज राई | |
| ८ | सदस्य | श्री फौदराज राई | |
| ९ | सदस्य | श्री दुर्गा बहादुर राई | |
| १० | सदस्य | श्री गणेश परियार | |
| ११ | सदस्य | श्री भूवन सिंह परियार | |
| १२ | सदस्य | श्री मिना वि क | |
| १३ | सदस्य | श्री संगिता तामाङ | |
| १४ | सदस्य | श्री जानुका वि क | |
| १५ | सदस्य | श्री मेनिसा राई | |

| | | | |
|---|---|---|---|
| १६ | ना सु | श्री गौरीनाथ आचार्य | |
| १७ | लेखापाल | श्री अगम सिं विश्वकर्मा | |
| १८ | सूचना प्रविधि अधिकृत | श्री सुजिव तामाङ | |
| १९ | स्वास्थ्य संयोजक | श्री गिरधारी प्रसाद साह | |
| २० | शिक्षा संयोजक | श्री लक्ष्मी प्रसाद पौडेल | |
| २१ | ना सु | श्री पुष्पराज राई | |
| २२, | पुनर्निर्माण प्राविधिक | श्री ताराकान्त चौधरी | |
| २३. | का.स. | " शिवराज मगर | |
| | | | |

बराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाधखोर भञ्ज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल
२०७३

बाह्रपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोर, भज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल
२०७३

प्रस्ताव (१)

१. प्राविधिक सेवा, सुविधा सम्बन्धमा
२. ६ नं० वडा मौवाबोटेको वडास्तरीय योजना तथा कार्यक्रमको संशोधनसम्बन्धमा
३. स्थानीय काठको दररेट सम्बन्धमा।
४. विद्युत् प्राधिकरणबाट प्राविधिक झिकाई ६ वटै वडामा सर्भे इस्टिमेट सम्बन्धमा।
५. ~~विविध~~ नियमावली, कार्यविधि विधेयक पारित सम्बन्धमा।
६. जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धी कार्यविधि सम्बन्धमा।
७. कर्मचारी दरबन्दी स्वीकृत गर्ने सम्बन्धमा।

निर्णय नं० १. प्राविधिक सेवा सुविधा सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा कार्यरत ३ जना प्राविधिकलाई विभागीय परिपत्रले तोकेको मापदण्ड बमोजिम मासिक २१ दिन सम्म फिल्ड गएको आधिकारिक हाजिरी र कामकार्य गरेको प्रमाण अनुसार फिल्ड भत्ता नै दिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं० २. ६ नं० वडा मौवाबोटेको पूर्वाधार विकास अन्तर्गत ६ नं० वडा कार्यालय मौवाबोटे भवन मर्मत सम्भार योजना (गाउँपालिका स्तरीय) रु.५,००,०००/-(पाँच लाख) वडा कार्यालयको आफ्नै जग्गा र भवन भएकोले उक्त योजनालाई संशोधन गरी दोभाने-वालिखा ग्रामीण ~~सडक~~ क्रमागत सडक योजनालाई रु.५,००,०००/-(पाँच लाख) विनियोजन गर्ने तथा पूर्वाधार विकास अन्तर्गत वडास्तरीय योजना रौकना-वडाकार्यालय नयाँ सडक ट्रयाक ओपन रु.२,००,०००/-(दुई लाख) लाई संशोधन गरी चकली मन्दिर जाने ~~ब~~ नयाँ सडक ट्रयाक ओपन योजना रु.२,००,००० (दुई लाख) विनियोजन गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं० ३. स्थानीय काठको दररेट सम्बन्धमा छलफल गर्दा फुट वा क्युबिक फिट स्थानीय दररेटलाई नै कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं० ४. विद्युत प्राधिकरण खोटाङ० दिक्तेल शाखाबाट आएको प्राविधिकलाई यस गाउँपालिकाका ६ वटै वडामा विद्युत् विस्तारका लागि सर्भे इस्टिमेट गराई विद्युत विस्तार गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

DATE:

गाउँपालिका
गाउँपालिकाको कार्यालय
भज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल
२०७३

निर्णय नं ५. जनप्रतिनिधिको पदाधिकारी भत्ता तथा सेवा सुविधा सम्बन्धमा छलफल गर्दा १ नं प्रदेश जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धी कार्यविधि २०७४ बमोजिम नै यस गाउँपालिकाका जनप्रतिनिधिहरुको पदाधिकारी भत्ता तथा सेवा सुविधा प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ६. कर्मचारी दरबन्दी सम्बन्धमा छलफल गर्दा यस बराहपोखरी गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयमा कर्मचारी सम्बन्धी दरबन्दी गत २०७४ साल चैत्रमा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको अन्तरिम दरबन्दी तेरिजलाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७. नियमावली, कार्यविधिको दफावार छलफल सम्बन्धमा —

बराहपोखरी शिक्षा ऐन, २०७५ र शिक्षा नियमावली, २०७५ सर्वसम्मतिले अनुमोदन गरी आगामी विशेष गाउँसभामा अनुमोदनको लागि लैजाने निर्णय पारित गरियो। आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन कार्यविधि, २०७५ समेत स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ८. आजको गाउँकार्यपालिकाको बैठक समय अभावको कारण भोलि मिति २०७५।०३।१३ गते शुक्रवार बिहानको १०.०० बजे पुनः बस्ने गरी समापन गर्ने निर्णय गरियो।

बराहपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाघखोर भज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल
२०७३